# भिमाद नगरपालिका

**BHIMAD MUNICIPALITY**

## नगर कार्यपालिकाको कार्यालय

**Office of the Municipal Executive**

भिमाद, तनहुँ

**Bhimad, Tanahun**

२०७३/2073

गण्डकी प्रदेश, नेपाल

**Gandaki Province, Nepal**


प.सं. / Ref No.: ०८०/०८१

च.नं. / Des No.:

मितिः २०८१/०१/१६

**वैदेशिक रोजगारीमा रहेका श्रमिकका परिवारलाई उपचार खर्च सहायता सम्बन्धी सूचना।**

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३२ मा वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्कि आएका कामदार तथा तिनको परिवारको कल्याणको लागि वैदेशिक रोजगार कल्याणकारी कोषको व्यवस्था रहेको र वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २६ को उपनियम १ (ख) मा उक्त कोषको रकम वैदेशिक रोजगारमा गएका कामदारको परिवारको स्वास्थ्य उपचारमा खर्च गर्ने प्रावधान रहेको व्यहोरा अवगत गराउदै नेपाल सरकारबाट श्रम स्वीकृती लिएर वैदेशिक रोजगारीमा जानु भएका र श्रम अवधी भित्र रहनु भएका व्यक्तिहरुको एकाघरका परिवारका सदस्यहरुलाई निम्न पाँच घातक रोग लागेमा वैदेशिक रोजगार बोर्डको सचिवालयले रु ५०,०००।— (अक्षेरुपी पचास हजार) सम्म उपचार खर्च वापतको आर्थिक सहायता प्रदान गर्ने व्यवस्था रहेकाले यस भिमाद नगरपालिका भित्र वैदेशिक रोजगारीमा रहेका व्यक्तिका परिवारका सदस्यहरुले नगरपालिकाको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौ।

**पारिवारिक उपचार खर्च पाइने रोगहरु:**

१)अल्जाइमर २)पार्किन्सन ३)मुटु रोग ४)क्यान्सर ५)मृगौला फेल

**आवश्यक कागजपत्रहरु:**

१) वैदेशिक रोजगारीमा रहनुभएका व्यक्तिको राहदानीको प्रतिलिपी (प्रस्थान/आगमन छाप लगाएको)
२) श्रम स्वीकृतिको निस्साको प्रतिलिपी,
३) बिरामीको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
४) वैदेशिक रोजगारीमा रहनु भएका व्यक्ति र बिरामी बिच नाता प्रमाणितको कागजात र वडा कार्यालयको सिफारिस पत्र,
५) नेपालको सरकारी अस्पतालमा पछिल्लो पटक चेकजाँच गराएको प्रमाण (मेडिकल रिपोर्ट/प्रतिष्ठित चिकित्सकको प्रेस्किप्शन)
६) बिरामीको बैंक (नेपाल राष्ट्र बैंकबाट क वर्गको ईजाजत प्राप्त बैंक) खाता नं प्रमाणित हुने कागजात (चेक बुकको प्रति)

**सम्पर्कको लागि रिटर्नी स्वयमसेवकहरु**

फारुक दिन मियाः- ९८०६६९७२५०
खुम बहादुर आलेः- ९८१०१६८३३६
अखिल थापाः- ९८०६७८१५११

मोहन प्रसाद तरासिनी
प्रमुख प्रशासकीय अधिकृत


फोन नं: ०६५-५७२४३६, Phone Number: 065-572436

ठेगाना/ Address: X3HJ+3P Bhimad

ईमेल / Email : info@bhimadmun.gov.np, bhimadmunicipality@gmail.com

वेवसाईट / Website : bhimadmun.gov.np